# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

## वेद विद्याश्रममा विद्यार्थीसँग नेपाल राष्ट्र बैंक

नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडाले भदौ ३ गते गौशाला, वनकालीस्थित नेपाल वेद विद्याश्रम (संस्कृत माध्यमिक विद्यालय) मा एक समारोह बीच "**विद्यार्थीसँग नेपाल राष्ट्र बैंक**" कार्यक्रमको उद्घाटन गर्नुभयो ।



वित्तीय चेतना सम्बन्धी वक्तृत्वकलाका विजयीहरुलाई पुरस्कार वितरण समारोह समेत रहेको सो कार्यक्रममा प्रमुख अतिथिका रुपमा बोल्दै गभर्नर डा. खतिवडाले विद्यार्थीहरुलाई बचतको बानी बसाल्न जोड दिँदै उद्यमशील बन्न प्रोत्साहित गर्नुभयो । विभिन्न कारणले विदेश गएकाहरुलाई नेपालको सामाजिक संरचना र संस्कृतिले पछि स्वदेशमै तानेर ल्याउने विश्वास व्यक्त गर्दै उहाँले अर्थोपार्जनका लागि गलत तरिका नअपनाउन र त्यस्तो तरिकाले अर्थोपार्जन गर्नेलाई दूरुत्साहित गरी वित्तीय अपराध न्यूनीकरणमा सघाउ पुऱ्याउन जोड दिनुभयो ।

समारोहलाई सम्बोधन गर्ने क्रममा गभर्नर डा. खतिवडाले धर्म र संस्कृतिबीच अन्योन्याश्रित सम्बन्ध रहेको चर्चा गर्दै पूर्वीय दर्शनलाई विज्ञान सम्मत ढंगले अगाडि बढाउन सकिने बताउनु भयो । सामाजिक न्याय उन्मुख वित्तीय प्रणाली विकास गर्न नैतिक तथा जिम्मेवार व्यवस्थापन विकास गर्नु पर्ने कुरा बताउँदै उहाँले अथाह सम्पत्ति आर्जन नै जीवनको लक्ष्य राख्नु व्यर्थ रहेको धारणा राख्नु भयो ।

यसअघि सोही कार्यक्रममा उपनिर्देशक केदारप्रसाद आचार्यले नेपालको वित्तीय प्रणाली, बैंक खाता, कर्जा, विप्रेषण आदि विषयमा प्रकाश पार्नु भएको थियो । उहाँले विद्यार्थीमा वित्तीय साक्षरता अभिवृद्धि गर्नका लागि "विद्यार्थीसँग नेपाल राष्ट्र बैंक" कार्यक्रम सञ्चालन गरिएको जानकारी पनि दिनुभयो ।

कार्यक्रममा नेपाल वेद विद्याश्रमका विद्यार्थी र शिक्षकहरु, पशुपति क्षेत्र विकास कोषका पदाधिकारीहरु, विद्वत्वर्गहरु लगायतको उपस्थिति थियो । विद्यार्थीहरुले स्वस्ति गान र स्वागत गान मार्फत कार्यक्रमलाई रोचक बनाएका थिए ।

**२०७१ भाद्र ३ गते मंगलबार**

**गभर्नरको कार्यालय**